रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनीप्रदेश, नेपाल

V9F8+RM

च.नं.
प.स. २०८०/२०८१

मिति :२०८०/०८/१४

रैनादेवी छहरा बासीमा अनुरोध !

हरेक शहर, गाउँ बस्तीको सम्वृद्धि, समुन्नती तथा विकासको लागि त्यस स्थानमा बसोबास गर्ने तथा सरोकारवालाको कर्तव्य, जिम्मेवारी तथा दायित्व समान नै रहेको हुन्छ । तसर्थ यस रैनादेवी छहरा गाउँपालिकाको भूमिलाई आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक, भौतिक, आध्यामिक र राजनितिक तरिकाले स्वच्छ, सम्वृद्ध तथा समुन्नती बनाउनको लागि सम्पूर्ण रैनादेवी छहरा गाउँपालिका वासीहरुमा अनुरोध गर्दछौं ।

- आफ्नो घर आँगन वरपर सधै सफा राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माणका कार्यहरुको नियमित रेखदेख गरौं ।
- आफ्ना नानी बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुर्याउनुको साथ-साथै उनीहरुका क्रियाकलाप प्रति सधै सजक रहौं ।
- कुनै पनि सामान किन्नु अघि लेबल हेरेर म्याद रहे/नरहेको एकीन गरेर मात्र किन्ने बानी बसालौं ।
- म्याद गुज्रेका, सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा ध्यान प्रत्यक्ष असर पर्न जाने भएको हुँदा त्यस्ता सामाग्री विक्रि वितरण नगरौं ।
- जन्म, मृत्यु बसाइसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गराऔं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्नु बुझाउनु पर्ने कर समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाहरुको संरक्षण गरौं ।
- खानेपानीका मुहानहरुको संरक्षण गरौं ।
- अपांगता भएका व्यक्ति, असहाय, जेष्ठ नागरिक र बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- घरेलु हिंसा, लैंगिक हिंसा, जातीय भेदभाव लगायत सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- श्रम र श्रमजिवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित बस्तुहरुको प्रयोग गरौं ।
- समृद्ध, सफल, नमूना तथा समुन्नत गाउँपालिका निर्माणमा हातेमालो गरौं ।

कृष्ण प्रसाद तिमिल्सिना
प्रमुख प्रशासकीय अधिकृत

रुक्माङ्गत भट्टराई
अध्यक्ष